आज मितिः२०७७।०६।२८ गतेका दिन यस बाणगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मंगल प्रसाद थारु ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथी छलफल गरि निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २ | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३ | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६ | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७ | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८ | सुकदेव थारु | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११ | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२ | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३ | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४ | टिका कुमारी अधिकारी | सदस्य | |
| १५ | सरिता देवी ढकाल | सदस्य | |
| १६ | योगनाथ सुनार | सदस्य | |
| १७ | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८ | गिता भुसाल | सदस्य | |
| १९ | केशरा गुरुङ | सदस्य | |
| २० | सावित्रा थारु | सदस्य | |
| २१ | पूर्णकला सुनार | सदस्य | |
| २२ | चुरामणि पन्थी | सचिव | |

Scanned with CamScanner

**बाणगंगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**५ नं. प्रदेश, कपिलवस्तु नेपाल**

मितिः २०७७।०६।२८

**कार्यपालिका बैठकका प्रस्तावहरु-**

१. आ.व.०७६।७७ मा भएको नदीजन्यपदार्थको ठेक्का सम्बन्धमा ।
२. आ.व.०७६।७७ मा भएको नगर निकासीको आय ठेक्का सम्बन्धमा ।
३. सामाजिक सुरक्षा सम्बन्धमा ।
४. छाडा चौपाया व्यवस्थापन सम्बन्धमा ।
५. बसपार्कको सम्भाव्यता अध्ययन सम्बन्धमा ।
६. घरनक्साको अभिलेखिकरण म्याद थप सम्बन्धमा ।
७. कार्यविधिहरु स्वीकृत सम्बन्धमा ।
८. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ बमोजिमको समिति गठन सम्बन्धमा ।
९. विविध ।

**निर्णयहरुः-**

**निर्णय नं. १**

नगरपालिकाबाट आ.व. ०७६।७७ मा बन्दोबस्त गरिएका आय ठेक्काहरुको सम्बन्धमा कोरोना महामारिको कारण नेपाल सरकारले गरेको लकडाउनको समयमा ठेक्कामा पर्न गएको द्विविधा सम्बन्धमा ठेकेदारले पेश गरेको निवेदन, सम्बन्धीत फाईल, सम्बन्धीत क्षेत्रको अध्ययन र सोको अवस्था समेतको अध्ययन गरि प्रतिवेदन पेश गर्न नगर उपप्रमुख श्री चक्रपाणी अर्यालज्यूको संयोजकत्वमा बनेको कार्यदलले पेश गरेको प्रतिवेदनमाथी मिति २०७७।०३।२७ गतेको कार्यपालिकाको बैठकमा पेश भई छलफल भएको सन्दर्भमा नदीजन्य पदार्थको ठेक्कापट्टको सम्बन्धमा जिल्ला समन्वय समितिको २०७७ साल असार महिनाको २५ गतेको निर्णयानुसार उपयुक्त निर्णय वा निर्देशनको लागि साविक ५ नं. प्रदेश सरकार र उद्दोग पर्यटन वन तथा वातावरण मन्त्रालयमा पठाईएको र सोही प्रकृतिका अन्य आय ठेक्काहरुको लागि समेत प्रदेश सरकारको निर्णय पर्खने निर्णय गरिएता पनि हालसम्म कुनै निकायबाट नदीजन्य पदार्थको सन्दर्भमा कुनै निकास प्राप्त नभएकोले हाल बाणगंगा नगरपालिका अन्तर्गतका नदी तथा खोलाहरुको प्रारम्भिक वातावरणिय परीक्षण IEE भै रहेकोले IEE को प्रतिवेदन स्वीकृत भएपछि कार्यदलले दिएको प्रतिवेदन अनुसार उठाउन बांकी परिमाण बाणगंगा नदिबाट २४७६६ घनमीटर नदीजन्य पदार्थ नगरसभाले तोकेको स्थानबाट सम्बन्धीत ठेक्काको ठेकेदारलाई उठाउन दिन र कोईली खोलाबाट १७३८८ घनमीटर मरिमाणमा नबढ्ने गरि कार्यालय भुक्तानी पाउनुपर्ने रकम दाखिला भएपश्चात सम्झौता गर्ने गरि नगर सभालाई सिफारिस गर्ने र बैंक जमानतको म्याद थप गर्नको लागि तुरुन्त सम्बन्धीत ठेकेदारलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

नगरपालिकाबाट आ.व. ०७६।७७ मा बन्दोबस्त गरिएको एक तह प्रसोधन भएको नदिजन्य पदार्थको नगर निकासीको आय ठेक्काको सम्बन्धमा कोरोना महामारिको कारण नेपाल सरकारले गरेको लकडाउनको समयमा ठेक्कामा पर्न गएको द्विविधा सम्बन्धमा ठेकेदारले पेश गरेको निवेदन, सम्बन्धीत फाईल, सम्बन्धीत क्षेत्रको अध्ययन र सोको अवस्था समेतको अध्ययन गरि प्रतिवेदन पेश गर्न मितिः२०७७।०३।०४ गतेको कार्यपालिका बैठकबाट नगर उपप्रमुख श्री चक्रपाणी अर्यालज्यूको संयोजकत्वमा बनेको कार्यदलले दिएको प्रतिवेदन अनुसार र कोभिडको प्रभाव यस आ.व.मा समेत रहि रहेकोले बांकी अवधीको ठेक्का संचालनको लागि सोही ठेक्का सम्झौतामा भएका ठेक्का शर्तहरु कायम हुने गरि २०७७ चैत्र महिना देखि २०७८ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गर्न नगरसभालाई सिफारिस गर्ने र बैंक जमानतको म्याद थपको लागि तुरुन्त पत्राचार गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ३

सामाजिक सुरक्षा भत्ता सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.२२१, मितिः२०७७।०६।२३ को पत्रानुसार निवृत्तभरण पाईरहेका तथा नियमित रुपमा पारिश्रमिक पाईरहेका व्यक्तिहरुले समेत दोहोरो सुविधा लिईरहेको र सो प्रवृत्तिको छानविन गरि दोहोरो सुविधा लिईरहेको भए सरकारी बांकी सरह असुल उपर गर्न र भविश्यमा यस किसिमको कमजोरी दोहोरीन नदिन आवश्यक प्रद्दतिको निर्माण गरी पूर्व शतर्कता अपनाउन तत्काल आवश्यक व्यवस्था मिलाउने निर्देशन प्राप्त भएकोले सबै वडाहरुले आ-आफ्नो वडामा दोहोरो सुविधा पाईरहेका व्यक्तिहरु भए छानविन गरि एवं त्यस्ता व्यक्तिहरुको अभिलेख तयार गरि यस कार्यालयलाई जानकारी उपलब्ध गराउन निर्णय गरियो।

निर्णय नं. ४

यस नगरपालिकाको क्षेत्र भित्र रहेका छाडा चौपायाहरुको व्यवस्थापनको लागि मधुवन धामको विस्तृत योजना प्रतिवेदनमा गौशाला निर्माण गर्न तोकिएको स्थानमा गौशाला निर्माणको लागि नगरप्रमुख तथा नगर उपप्रमुखज्यूहरुको बजेटबाट व्यवस्थापन हुने गरि हाललाई रु.३०लाख बराबरको लागत ईस्टिमेट तयार गरि कार्य प्रारम्भ गर्ने निर्णय गरियो।

निर्णय नं. ५

यस नगरपालिकाको सबैक्षेत्रलाई मध्यनजर गर्दै पायकपर्ने स्थानमा बसपार्क निर्माण गर्न प्रारम्भिक सम्भाब्यता अध्ययन गरी सम्भाव्यता पहिचान सहितको प्रतिवेदन पेश गर्न तपसिल अनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| संयोजक - | गणेश बहादुर क्षेत्री अध्यक्ष वडा नं. ४ |
| सदस्य - | भिष्मराज भुसाल अध्यक्ष वडा नं. ५ |
| सदस्य - | केशबराज भट्टराई शाखा अधिकृत |

निर्णय नं. ६

घरनक्साको अभिलेखिकरण कार्य कोभिड-१९ का कारण प्रभावित हुन गएको र सेवाग्राहीहरुको चाप बढ्दै गएकोले हाललाई २०७७ पुष मसान्त सम्म अभिलेखिंकरण कार्यलाई निरन्तर दिने निर्णय गरियो।

निर्णय नं. ७

विधेयक समितिबाट सिफारिस भई आएका तपसिल बमोजिमका कार्यविधिहरु दफादार छलफल भईसकेकोले स्वीकृत गर्ने निर्णय गरियो।

| सि.नं. | कार्यविधिको नाम | मूल/संसोधन | पेश गर्ने |
|---|---|---|---|
| १ | मेलमिलाप कार्यसंचालन कार्यविधि, २०७६ | संसोधन | चक्रपाणि अर्याल |
| २ | नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ | मूल | ध्रुव बेल्बासे |
| ३ | सहकारी संस्था एकिकरण कार्यविधि, २०७७ | मूल | गुणानिधी भूसाल |
| ४ | लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधी, २०७७ | मूल | बालकुमारी पन्त |

निर्णय ८

गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च.नं. १२७२ मितिः२०७६।११।२९ को पत्रानुसार समिति गठन गरी कार्यान्वयन गर्ने गरि भएको अनुरोध अनुसार निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो।

(क) स्थानीय तहमा समन्वय समिति

| | |
|---|---|
| नगर प्रमुख | अध्यक्ष |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| वडा नं. ८ को अध्यक्ष | सदस्य |
| शिक्षा शाखा प्रमुख | सदस्य |
| पञ्जिकरण हेर्ने शाखा प्रमुख | सदस्य- सचिव |

(ख) गाउँपालिका र नगरपालिकाको गुनासो सुनुवाई समिति

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| सम्बन्धीत शाखाको प्रमुख | सदस्य |
| सम्बन्धीत शाखा हेर्नेगरि तोकिएको कर्मचारी | सदस्य सचिव |

Scanned with CamScanner

(ग) वडा कार्यालयको गुनासो सुनुवाई समिति

| | |
|---|---|
| सम्बन्धित वडा अध्यक्ष | संयोजक |
| वडा अध्यक्षले तोकेको वडा सदस्य महिला | सदस्य |
| वडा सचिव | सदस्य सचिव |

बाणगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाणगंगा, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

## ९. विविध निर्णयहरु

- शान्ताकुञ्ज मधुवन धाममा सार्वजनिक जग्गा संरक्षण तथा बाटो निर्माण कार्यको लागि खर्च भएको रकम मध्ये रु.५लाख सार्वजनिक जग्गा संरक्षण शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।
- जिल्ला प्रशासन कार्यालयको च.नं.८५५, मितिः२०७७।०६।२६ को रकम उपलब्ध गराईदिने सम्बन्धी पत्रानुसार कारागार कार्यालय कपिलवस्तुको कारागारमा रहेका कैदिबन्दीहरुलाई कोभिड-१९ कोरोना भाईरसको महामारीबाट बच्न तथा नियन्त्रण गर्उनका लगि Fabricated क्वारेन्टाईन निर्माण र स्वास्थ्य सामाग्री खरिदको लागि रु.२००,०००।- अक्षेरुपी रु.दुईलाख माग भई आएकोले उक्त रकम उपलब्ध गराउने निर्णय गरियो ।
- श्री मनकामना संस्कृत विद्यापीठ (गुरुकुलम) को मितिः२०७७।०६।१९ को पत्रानुसार खेलमैदान व्यस्थित गरि आवश्यक सहयोग गरिदिनुहुन भन्ने पत्र प्राप्त भएकोले स्थाले ग्रेडरमा लागेको ईन्धन र चालकको भत्ता उपलब्ध गराएमा १ दिनलाई सोही खेलमैदान मात्र व्यवस्थित गर्ने गरि ग्रेडर उपलब्ध गराउने निर्णय गरियो ।
- वडा नं. ७ कोईली बनगाई बाणगंगा र कोईलीको संगम स्थलमा सव दाहस्थल रहेको र विभिन्न स्थानबाट सब दाहसंस्कारको लागि आउने मलामीहरुले प्रयोग गर्ने सामाग्री, खानेपानी बोटल लगाएतको व्यवस्थापन र सरसफाईको कार्यकोलागि विगतमा पनि १ लाख २० हजार छुट्टिने गरेकोले सो बराबर रकम सरसफाई शिर्षकबाट खर्च हुने गरि व्यवस्थापन गर्ने निर्णय गरियो ।
- राष्ट्रिय जेष्ठ नागरिक समाज नेपालले अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवस मनाउँदा लागेको खर्च माग भई आएकोले उक्त संस्थालाई रु.१५हजार उपलब्ध गराउने निर्णय गरियो ।
- चालु आ.व.०७७।७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार संचालन गरिने नगद लागत सहभागिता बाहेकका सडक कालोपत्रे सम्बन्धी सबै योजनाहरु ठेक्का मार्फत संचालन गर्ने, त्यसरी ठेक्का मार्फत व्यवस्थापन गर्दा लागतमा घटिघटाउ भई (रु.१५लाख सम्मका नगरस्तरीय योजना र सडक कालोपत्रे गर्ने गरि स्वीकृत भएका सबै वडा स्तरीय योजनाहरुको) बांकी रहने रकम सोही योजनामा पुनः खर्च गर्ने निर्णय गरियो ।
- यस कार्यालयको डिजिटल प्रोफाईल तयारीकार्यको तथ्यांक संकलन कार्य सम्पन्न भई प्रारम्भिक तथ्यांक उपलब्ध भएको र बांकी सफ्टवेयर र अन्तिम रिपोर्टको कार्य कोभिड-१९ का कारण तोकिएको समयमा सम्पन्न हुन नसकेको ले म्याद थपको लागि आएकोले बढीमा कार्तिक मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

Scanned with CamScanner